राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

मिति २०७६ कात्तिक ५

## आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धमा कुटनीतिक नियोगका प्रमुख तथा विभिन्न विकासका साझेदारहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले आगामी कार्तिक २६ देखि २८ गते (सन् २०१९ नोभेम्बर १२ देखि १४) सम्म नेपालमा हुन गैरहेको आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको जानकारी गराउने उद्देश्यले नेपालस्थित कुटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिहरु र विकासका साझेदारहरुसँग आज छलफल गरेको छ ।

सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले आप्रवासी कामदारहरुको मानव अधिकारको संरक्षणमा आयोगबाट भएका प्रयासहरुको बारेमा जानकारी गराउँदै कतार र कोरियासँग आयोगले सम्झौता गरीसकेको र मलेशियासँग सम्झौता गर्ने प्रक्रियामा रहेको जानकारी गराउनुभयो । उहाँले आप्रवासी कामदारहरुको विषय अन्तरदेशीय विषय भएकोले आप्रवासन व्यवस्थापनमा उत्पत्ति मुलुक, बाटोमा पर्ने मुलुक र गन्तव्य मुलुकहरु सबैको चासोको विषय बनेको धारणा राख्नुभयो । साथै, उहाँले यस सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि कुटनीतिक नियोग तथा विकासका साझेदारहरुको सहयोगको अपेक्षा रहेको बताउनुभयो ।

सम्मेलनबारे विस्तृत जानकारी गराउँदै आयोगका माननीय सदस्य सुदिप पाठकले सम्मेलनमा आप्रवासी कामदारहरुको जिम्मेवार भर्ना प्रक्रिया, अनियमित आप्रवासन, आप्रवासी कामदारहरुको न्यायमा पहुँचको सुनिश्चितताको विषयमा छलफल भई काठमाडौं घोषणा पत्र जारी हुने जानकारी गराउनुभयो । सो क्रममा विभिन्न कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरुले आयोगले सम्मेलनको आयोजना गर्न लागेकोमा खुशी व्यक्त गर्दै सम्मेलनमा आवश्यक सहयोग गर्न तयार रहेको बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय अनूप राज शर्माको अध्यक्षतामा आयोजित उक्त छलफलमा नेपालस्थित जापान, जर्मन, इजरायल, अमेरिका, भारत, रसिया, अष्ट्रेलिया, कतार, बंगलादेश, श्रृलंका, म्यानमार लगायतका कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधहरु, युरोपियन युनियन, युएनडीपी, आइएलओ, आइओएम, जाइकाका प्रमुख तथा प्रतिनिधिहरु, आयोगका निमित्त सचिव, निर्देशकहरु एवं आयोगका सम्बन्धित कर्मचारीहरुको सहभागिता रहेको थियो ।

मुरारिप्रसाद खरेल
नि.सचिव/निर्देशक

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org